मिति २०८१/०३/३१ गते आ.ब.०८०/०८१ को नगर कार्यपालिकाको सत्रौं कार्यपालिका बैठकमा छलफल गरी निम्नानुसारको निर्णय गरियो ।

| सि.नं. | विषय | निर्णय भएको व्यहोरा |
| --- | --- | --- |
| १. | निःशुल्क तथा अनिवार्य शिक्षा सम्बन्धमा । | • बागमती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालयबाट प्राप्त अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम अन्तर्गत भएका कार्यक्रमहरु घरदैलो र घरधुरी सर्वेक्षणबाट कोहि पनि ४-१३ बर्ष उमेर समूहका बालबालिकाहरु विद्यालय बाहिर नदेखिएकोले भविष्यमा समेत कुनै पनि बालबालिकाहरु विद्यालय बाहिर रहनु पर्ने अवस्था आउन नदिई वि.सं.२०८५ सम्म सबैलाई सामुदायिक विद्यालय मार्फत आधारभूत तथा निःशुल्क र माध्यमिक तह ऐन कानूनमा तोकिए अनुसार निःशुल्क गर्ने प्रतिवद्धता सहित यस नगरपालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चितताको घोषणा गर्ने । |
| २. | विविध । | • निजामती सेवा ऐन, २०४९ को दफा ४० (ख) को उपदफा (३) बमोजिम गठित समितिको मिति २०८०/०५/१२ मा बसेको ३७३ औं बैठकको निर्णयले सबै निकायलाई खुला गरिएको **The Project for Human Development Scholarship by Japanese Grant Aid (JDS 2024)** अध्ययन छात्रवृत्तिका लागि बागमती प्रदेश अन्तर्गतका स्थानीय तहमा कार्यरत अधिकृतस्तरका कर्मचारीलाई जापान सरकारद्वारा प्रदान गरिएको **The Project for Human Development Scholarship by Japanese Grant Aid (JDS 2024)** अन्तर्गत यस कार्यालयका वरिष्ठ लेखा अधिकृत गणेश गुरुङ (क.सं.नं.२१२६८८) छनौट हुनु भएकोमा निजलाई **Masters in International Relation Building** विषयमा **Ritsumeikan University, Kyoto City** मा अध्ययनका लागि स्थानीय तहको सेवा गठन तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७९ को दफा ६३ (१) बमोजिम मिति २०८१/०४/१३ (जुलाई २८, २०२४) गतेबाट मिति २०८३/०४/१२/ (जुलाई २८, २०२६) सम्मको लागि अध्ययन बिदा स्वीकृत गर्ने ।<br>• यस नगरपालिकामा कार्यरत सि.अ.हे.व. राधा कुवँरको निवेदन बमोजिम निजलाई शैक्षिक वर्ष २०८१/०८२ को स्नातक तह (**BNS**) शैक्षिक कार्यक्रममा भर्नाको एकिकृत परिक्षामा सामेल हुन र अध्ययन गर्नका लागि पूर्व स्वीकृती दिने ।<br>• चालु आ.ब.०८०/०८१ मा सञ्चालन भई सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु फरफारक गर्ने र भुक्तानी भईसकेका आयोजना तथा कार्यक्रमलाई समर्थन गरी अनुमोदन गर्ने ।<br>• **Family Peace Association (FPA) Asia- Pacific** द्वारा सन् २०२४ जुलाई १९ देखी २१ सम्म फिलिपिन्सको राजधानी मनिलामा हुने **First Asia-Pacific Family Peace Leadership Conference** मा |

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | सहभागी हुन यस नगरपालिकाको उपप्रमुख बसन्ती तामाङ डंगोललाई निमन्त्रणा प्राप्त भएकोले उक्त कार्यक्रममा सहभागी हुन निजको भ्रमण स्वीकृतका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने गर्ने । |

नागार्जुन नगरपालिका नगर कार्यपालिकाको कार्यालय रामकोट, काठमाडौं बागमती प्रदेश, नेपाल २०७३

रोशन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत